स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



बलिउड अभिनेता टाइगर श्रफले आफ्नो अपार्टमेन्ट नौ करोड भारतीय रुपैयाँमा बिक्री गरेका छन्। द इन्डियन एक्सप्रेसका अनुसार उनले सन् २०१८ मा ७ करोड ६१ लाख भारतीय रुपैयाँमा किनेको अपार्टमेन्ट अहिले नौ करोडमा बिक्री गरेका हुन्। यो अपार्टमेन्ट मुम्बईको खार वेस्टस्थित रुस्तमजी प्यारामाउन्ट डी कोअपरेटिभ हाउजिङ सोसाइटीको नवौं तलामा छ। गत साता मात्र टाइगरमाथि गोली प्रहार भएको थियो। लगत्तै उनले आफ्नो अपार्टमेन्ट बेच्दा चासो बढेको छ।

**आजको विचार...**



तानसेन-४...
*(दुई पेजमा)*

नवराज बस्याल (बादल)



कलाकार दीपकराज गिरीले अब आफूले बनाउने सिनेमाबारे प्रस्ट पारेका छन्। आफूसँग "छक्का पञ्जा"को सिरिज बाँकी रहे पनि सुरुमा "छ माया छपक्कै-३" बनाउने बताएका छन्। "छ माया छपक्कै-२"को अन्तिममा यसको बाँकी कथा पनि आउने भनेर घोषणा गरिसकेको उनले बताए। "छ माया छपक्कै-२ मा कथा इनकम्प्लिट छ," दीपक बाह्रखरीसँग भन्छन्, "त्यसैले हामीले सिनेमाको अन्तिममा अर्को भाग आउँछ भनेका छौं। त्यसैले यसको तेस्रो श्रृंखला नै बनाउने हो।" दीपकले तत्काल "छक्का पञ्जा ६" बनाउने पक्षमा नरहेको बताए।

❒ वर्ष ३२ ❒ अंक ९४ ❒ २०८३ कार्तिक १० गते मंगलबार 27 October 2026, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### बन्दुकधारीको आक्रमणमा ५८ जनाको मृत्यु

एजेन्सी

**नाइजेरिया,** कार्तिक ९/नाइजेरियाको उत्तरपूर्वी ताराबा राज्यस्थित बिन्नारी समुदायमा अज्ञात बन्दुकधारीहरूले गरेको आक्रमणमा कम्तीमा ५८ जनाको मृत्यु भएको छ । प्रहरीले आइतबार घटनास्थल र आसपासका क्षेत्रबाट थप १५ जनाको शव बरामद गरेपछि मृतकको सङ्ख्या ५८ पुगेको जनाएको छ । ताराबा राज्य प्रहरीका प्रवक्ता भिक्टर मसलियाहले करिम-लामिडो स्थानीय सरकारी क्षेत्रअन्तर्गत पर्ने बिन्नारीमा शुक्रबार आक्रमण भएको जानकारी दिए । उनका अनुसार समुदायको साप्ताहिक बजार लाग्ने दिन भएको आक्रमणपछि वरपरका झाडी र नदीबाट शवहरू फेला परेका थिए । आक्रमणबाट ज्यान जोगाउन भागेका मानिसहरूको खोजी गर्ने क्रममा नजिकैको समुदायमा पीडितहरूलाई बोकेको क्षमताभन्दा बढी यात्रु सवार डुङ्गा पल्टिएको थियो । त्यस घटनामा थप मानिसको मृत्यु भएको आशङ्का गरिएको छ भने केही व्यक्ति अझै बेपत्ता रहेको प्रहरीले जनाएको छ । स्थानीय सञ्चारमाध्यमका अनुसार सुरक्षाकर्मीहरूले सुरुमा ४० भन्दा बढी शव बरामद गरेका थिए । घटनापछि कैयौं परिवार विस्थापित भएका छन् ।

# गुल्मीमा स्कारपियो दुर्घटना : ६ जनाको मृत्यु, तीन जना घाइते

रामचन्द्र रायमाझी

**गुल्मी,** कार्तिक ९/गुल्मीको कालीगण्डकी गाउँपालिका-२, अर्बेनी दबौखानीस्थित कालीगण्डकी करिडोर सडक खण्डमा स्कारपियो दुर्घटना हुँदा ६ जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् । स्याङ्जाको चिरकोटबाट गुल्मीको राक्सेतर्फ जाँदै गरेको वि एए ०२२० नम्बरको स्कारपियो सोमबार दिउँसो दुर्घटनामा परेको हो ।

दुर्घटनामा पाँच जनाको घटनास्थलमै मृत्यु भएको थियो भने एक जनाको उपचारका लागि लैजाँदै गर्दा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सुदिप नेपालीले जानकारी दिए । उनका अनुसार मृत्यु हुनेहरुमा स्याङ्जाको वालिङ नगरपालिका-२ का ६७ वर्षीय चालक दिलिपकुमार बगाले, वालिङ नगरपालिका-१० का ६० वर्षीय शिव पराजुली रहेका छन् । त्यस्तै, गुल्मीको कालीगण्डकी गाउँपालिका-१, सिरकोट घर भई हाल स्याङ्जाको वालिङ बस्ने



५५ वर्षीय लोकनाथ पाण्डे, हाल बुटवल बस्ने सीता पाण्डे, बुटवलको खैरेनी बस्ने कुलानन्द पाण्डे तथा स्याङ्जाको वालिङ नगरपालिका -१० की नीता बगालेको मृत्यु भएको जनाइएको छ । बगालेको स्याङ्जास्थित कालीगण्डकी सामुदायिक अस्पताल, मिर्मीमा उपचारका क्रममा मृत्यु भएको हो । अन्य पाँच जनाको घटनास्थलमै मृत्यु भएको बताइएको छ । यस्तै दुर्घटनामा गुल्मीको कालीगण्डकी गाउँपालिका-१, सिरकोटका छविलाल पाण्डे, स्याङ्जाको वालिङ नगरपालिका बस्ने गोमता पाण्डे र वालिङ नगरपालिका-१० का बालकृष्ण सुवेदी घाइते भएका छन् । घाइतेमध्ये छविलालको स्याङ्जास्थित कालीगण्डकी सामुदायिक अस्पताल मिर्मीमा उपचार भइरहेको छ । उनको अवस्था गम्भीर रहेको जनाइएको छ । गोमताको पाल्पास्थित मिसन अस्पतालमा उपचार भइरहेको छ भने उनको अवस्था मध्यम रहेको छ । बालकृष्णको पनि कालीगण्डकी सामुदायिक अस्पताल मिर्मीमा उपचार भइरहेको र उनको अवस्था मध्यम रहेको बताइएको छ । गाडीमा ९ जना सवार रहेका थिए । सो गाडी सडक देखी २५० मिटर तल खस्न पुगेको प्रहरीले जनाएको छ । दुर्घटनाको कारण खुल्न बाँकी रहेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाइएको छ ।

## पाल्पाको रैनादेवीमा अटो दुर्घटना, ६ जना घाइते



**पाल्पा,** ९ कार्तिक / जिल्लाको रैनादेवी छहरा गाउँपालिका-३ बल्घामा अटो दुर्घटना हुँदा ६ जना घाइते भएका छन् । सोमबार बिहान बल्घादेखि कटौजेतर्फ जाँदै गरेको लु.प्र.०१००१ ह २४४४ नम्बरको अटो दुर्घटना भएको हो ।

दुर्घटनामा घाइतेमध्ये एक जनाको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक भिमलाल भट्टराईले बताए । उनका अनुसार रैनादेवी छहरा गाउँपालिका-३ निवासी ३८ वर्षीया यमकला खाम्चा गम्भीर घाइते भएकी छन् । चार जनाको अवस्था मध्यम र एक बालकको अवस्था सामान्य रहेको छ । अन्य घाइतेहरुमा सोही ठाउँका २४ वर्षीय फर्सबहादुर नेपाली, २५ वर्षीया बसन्ती बराल, ३२ वर्षीया हरिकला सारु र २५ वर्षीया मञ्जु दर्लामी र ६ वर्षीय इजन खाम्चा रहेका छन् । घाइतेहरुको तानसेनस्थित युनाइटेड मिसन अस्पतालमा उपचार भइरहेको छ । अटोमा चालकसहित आठ जना सवार रहेका थिए । अटो अनियन्त्रित भई सडकबाट १ सय ५० मिटर तल खसेको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ ।

## धान दाइँमा आधुनिक थ्रेसरको प्रयोग बढ्दै

**कपिलवस्तु,** कार्तिक ९/ कामदारको अभाव र ज्याला खर्च बढ्दै गएपछि यहाँका किसान धान छार्ने आधुनिक थ्रेसर मेसिनको प्रयोगतर्फ आकर्षित हुन थालेका छन् ।

धान काटेर भित्र्याउने समयमा खेताला पाइन छाडेपछि परम्परागत दाइँ र छार्न समय र खर्च धेरै लाग्ने भएपछि किसानले थ्रेसर मेसिनको प्रयोग बढाएका हुन् ।जिल्लाका अधिकांश स्थानमा पाकिसकेको धान भित्र्याउने चटारोसँगै किसानले धान र पराल छुट्याउन थ्रेसरको प्रयोग गरिरहेका छन् । कपिलवस्तु नगरपालिका-६ थुम्हवाका कृषक प्रभु धोवीले गाउँमा कामदार पाउन मुस्किल हुने तथा पाइए पनि कामदारको ज्याला महँगो पर्ने बताए । "थ्रेसर मेसिनबाट काम गर्दा छिटो हुन्छ र खर्च पनि कम लाग्छ । त्यसैले धान भित्र्याउन मेसिनकै भर पर्न थालेका छौं", उनले भने । महाराजगञ्ज नगरपालिका-२




पडरियाका कृषक विनोद भुजले पनि थ्रेसर मेसिनले खेतीपातीको काम सहज बनाएको बताए । गोरु र कृषि मजदुरको अभाव बढ्दै गएको अवस्थामा सानो आकारका थ्रेसर मेसिन खेतसम्म लैजान र प्रयोग गर्न सजिलो भएको उनको भनाइ छ । बिहान, दिउँसो तथा साँझसमेत मेसिन प्रयोग गर्न सकिने भएकाले किसानलाई सुविधा पुगेको उनले बताए । थ्रेसर मेसिन सञ्चालक राकेश कुर्मीका अनुसार मेसिन प्रयोग गर्दा समय र श्रम बचत हुनुका साथै खर्चसमेत कम लाग्ने गरेको छ । उनले धान र पराल छुट्याएबापत प्रतिघण्टा दुई हजार ५०० देखि तीन हजार रुपैयाँसम्म लिने गरेको बताए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## बाढीपीडितलाई जाडोबाट जोगाउने योजना बनाऔँ

नेपालमा बाढीपहिरोजस्ता प्राकृतिक विपद्ले हरेक वर्ष जनधनको ठूलो क्षति पुऱ्याउँदै आएको छ । बाढीका कारण धेरै परिवार घरबारविहीन हुनुका साथै लत्ताकपडा, खाद्यान्न र दैनिक जीवनयापनका आधारभूत सामग्रीबाट वञ्चित हुनुपरेको छ । १० भदौको भोटेकोशी बाढीपछि नुवाकोट र रसुवाका विभिन्न ठाउँमा विस्थापितहरू त्रिपालमुनि बसिरहेका छन् । त्यहाँ वृद्धावृद्धा, बालबालिका, बिरामी, गर्भवती वा सुत्केरी जस्ता अतिरिक्त स्याहार चाहिने वर्गले कठिनाइ भोग्दै आएका छन् ।

स्वस्थ र पोषणयुक्त खाना र सुरक्षित बसोबास छैन । बाढीसँगै कपडा बगेका कारण राहतमा लगिएका कपडामा निर्भर हुनुपरेको छ । अब जाडो मौसम सुरु हुँदै छ । जाडोयामको आगमनसँगै पीडित परिवारको समस्या झन् गम्भीर बन्ने देखिन्छ । यस्तो अवस्थामा उनीहरुलाई चिसोबाट बचाउँनु पहिलो प्राथमिकता हुनुपर्छ । जाडोयाममा वयस्कदेखि वृद्ध र बालबालिकाले पनि निकै कष्ट भोग्नुपर्छ । भोटेकोशीको बाढीले सबैभन्दा बढी प्रभावित गरेको रसुवा हिमाली जिल्ला हो । नुवाकोट पहाडी जिल्ला भए पनि माथिल्लो भेगमा पर्छ । त्यहाँ बढी जाडो महसुस हुन्छ । घरबार गुमाएका, ओढ्ने ओछ्याउने नभएका र लगाउने लुगासमेत नभएका नागरिकलाई न्यानो बासस्थान र कपडामा पहुँच पुऱ्याउन सकिएन भने अथाह दुःख पाउनेछन् । नागरिकले ज्यान नै गुमाउने सम्भावना पनि हुन्छ । यस्तो अवस्थामा बाढीपीडितलाई जाडोबाट जोगाउन समयमै प्रभावकारी योजना बनाउनु राज्य, समाज र सम्बन्धित सबै पक्षको साझा दायित्व हो । बाढीबाट प्रभावित परिवारमध्ये बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति तथा दीर्घरोगीहरू चिसोबाट बढी प्रभावित हुन सक्छन् । पर्याप्त न्यानो कपडा, कम्बल र सुरक्षित आवासको अभावमा उनीहरूको स्वास्थ्यमा गम्भीर असर पर्न सक्छ । विशेषगरी खुला स्थान, अस्थायी टहरा वा क्षतिग्रस्त घरमा बस्न बाध्य परिवारका लागि जाडोयाम थप कष्टकर बन्ने निश्चित छ । त्यसैले समस्या गम्भीर बन्नुअघि नै राहत र पुनःस्थापनाका कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ । समयमै योजना, पर्याप्त स्रोतसाधन, प्रभावकारी समन्वय र निष्पक्ष कार्यान्वयन हुन सके धेरै परिवारलाई चिसोको जोखिमबाट जोगाउन सकिन्छ । विपद्ले घर गुमाएका नागरिकले जाडोमा पनि असुरक्षित र असहाय महसुस गर्नुपर्ने अवस्था आउन दिनुहुँदैन । त्यसैले बाढीपीडितलाई जाडोबाट जोगाउने योजना बनाऔँ, राहतलाई प्रभावकारी बनाऔँ र मानवीय संवेदनशीलताको उदाहरण प्रस्तुत गरौँ ।

### Opinion @ Social Network

एक दिन मनले पनि महसुस गरोस,
यति धेरै संघर्ष व्यर्थ गएको रहेनछ।
*(सागर आलेको फेसबुक स्टाटसबाट www.facebook.com/Sagar.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# तानसेन-४ : इतिहास, पहिचान र विकासको सम्भावना



**नवराज बस्याल (बादल)**

तानसेन-४ मा सम्भावना छैन भन्ने होइन, सम्भावना धेरै छन् । तर ती सम्भावनालाई चिन्ने, संरक्षण गर्ने र सही ढंगले उपयोग गर्ने दूरदृष्टि चाहिएको छ । हामीसँग इतिहास छ, संस्कृति छ, मौलिकता छ । सरकारी तथा प्रशासनिक केन्द्र छन्, पुराना गल्ली छन्, दरबार छ, गणेश मन्दिर छन् । गोलाखाना, बारुदखाना र सिलखानाजस्ता ऐतिहासिक महत्व बोकेका स्थान पनि छन् । तर प्रश्न एउटै हो–यी सबै सम्पदालाई एकआपसमा जोडेर हामीले तानसेन-४ को आफ्नै विशिष्ट पहिचान बनाउन सकेका छौँ कि छैनौँ ? मेरो विचारमा, हामीले यस दिशामा अझै धेरै काम गर्न बाँकी छ । अब विकास भन्नासाथ सडक ढलान गर्ने, भवन बनाउने र बजेट खर्च गर्ने सोचबाट माथि उठ्नुपर्छ । सडक पनि चाहिन्छ, तर सडकसँगै इतिहास पनि बचाउनुपर्छ । भवन पनि चाहिन्छ, तर मौलिकता मेटाएर होइन । विकास पनि चाहिन्छ, तर आफ्नै पहिचान गुमाएर होइन । हामीले तानसेन-४ लाई सुन्दर, सफा, शान्त, सुरक्षित, व्यवस्थित र ऐतिहासिक पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास गर्न सक्छौँ । त्यसका लागि ठूला योजना र ठूलो बजेट मात्र होइन, स्पष्ट सोच, स्थानीय सहभागिता र उपलब्ध सम्पदाको सही उपयोग आवश्यक छ । तानसेन-४ को विकासका लागि सडक र पैदलमार्गको सुधार आवश्यक छ । तर सडक तथा बाटो निर्माणलाई केवल आवागमन सहज बनाउने कामका रूपमा मात्र हेर्नु हुँदैन । उचित योजना बनाउन सकियो भने हाम्रा पुराना गल्ली, सिँढी र बाटाहरू आफैँमा पर्यटकीय आकर्षण बन्न सक्छन् । बागवानीबाट कृषि कार्यालयतर्फ निस्कने बाटोलाई आवश्यक र प्राविधिक रूपमा सम्भव स्थानमा सुधार गर्न सकिन्छ । निजी घरजग्गामा असर नपर्ने गरी बाटो व्यवस्थित गर्ने, आवश्यक ठाउँमा सौर्यबत्ती जडान गर्ने र रातिको आवागमनलाई सुरक्षित बनाउने काम गर्न सकिन्छ । निर्वाचन कार्यालयमाथिको क्षेत्रदेखि कर कार्यालयसम्म जोडिन बाँकी बाटो सम्भाव्यता अध्ययन गरेर जोड्न सकिन्छ । त्यस्तै, कृषि कार्यालय अगाडिदेखि महेन्द्र पोखरेल सरको घरसम्म जाने सिँढीलाई व्यवस्थित, सुरक्षित र आकर्षक बनाउन सकिन्छ । प्राविधिक रूपमा सम्भव भए मोटरसाइकलसमेत तलसम्म पुग्न सक्ने गरी वैकल्पिक व्यवस्थाबारे अध्ययन गर्न सकिन्छ । अदालत अगाडिदेखि हरि नेपाल दाइ र भगवती दिदीको घर हुँदै कर्माचार्य स्टोरतर्फ जाने भऱ्याङलाई पनि विशेष आकर्षणका रूपमा विकास गर्न सकिन्छ । आकर्षक रङरोगन, कलात्मक बत्ती, स्थानीय कला र तानसेनको मौलिकता झल्काउने चित्र तथा सामग्री प्रयोग गरेर यसलाई एउटा विशिष्ट पर्यटकीय स्थल बनाउन सकिन्छ ।

**किन यसलाई 'भाइरल भऱ्याङ' बनाउने अभियानका रूपमा अघि नबढाउने ?**

आज मानिसहरू नयाँ, सुन्दर र फरक ठाउँको खोजीमा हिँड्छन् । एउटा आकर्षक भऱ्याङ, एउटा सुन्दर गल्ली, एउटा ऐतिहासिक ढुङ्गा, पुरानो झ्याल वा मौलिक घरको तस्बिर पनि सामाजिक सञ्जालमार्फत संसारभर पुग्न सक्छ । त्यसैले हाम्रा सामान्य देखिने संरचनाभित्र लुकेको सौन्दर्य र इतिहासलाई चिनाउन सक्नुपर्छ । तर सौन्दर्यीकरण गर्दा पुरानो संरचनाको मौलिकता नष्ट गर्नु हुँदैन । संरक्षण र आकर्षणबीच सन्तुलन कायम गर्नु नै वास्तविक कला हो । तानसेन-४ का सडक तथा बस्तीसम्बन्धी योजनाहरू कार्यालयमा बसेर मात्र तय गर्नु पर्याप्त हुँदैन । विशेषगरी तेस्रो सडक क्षेत्रजस्ता स्थानमा त्यहाँ बसोबास गर्ने घरधनी, व्यवसायी र स्थानीय नागरिकसँग प्रत्यक्ष छलफल गरेर मात्रै योजना अघि बढाउनुपर्छ । स्थानीयका आवश्यकता के छन् ? उनीहरूले भोगिरहेका समस्या के हुन् ? बाटो सुधार गर्दा कसलाई कस्तो असर पर्छ ? वैकल्पिक उपाय के हुन सक्छन् ? यस्ता प्रश्नको उत्तर खोजेर मात्रै दिगो विकास सम्भव हुन्छ । कसैको घरजग्गामा असर पर्ने गरी बाटो फराकिलो बनाउने निर्णय कागजमा सजिलो देखिन सक्छ । तर स्थानीयको पीडा बुझेर वैकल्पिक बाटो खोज्नु, सम्भव भएसम्म कम क्षति हुने उपाय अपनाउनु र प्रभावित व्यक्तिको सुझावलाई सम्मान गर्नु नै जिम्मेवार विकास हो । पर्यटनमैत्री विकासका नाममा स्थानीयलाई समस्यामा पार्नु हुँदैन । बरु स्थानीयलाई नै योजनाको साझेदार बनाउनुपर्छ । उनीहरूको घर, व्यवसाय, संस्कृति र जीवनशैलीलाई सम्मान गर्दै विकासको बाटो खोज्नुपर्छ ।

**गोलाखानालाई इतिहास र पर्यटनसँग जोडौँ**

आले माइलादाइको घर अगाडिदेखि गोलाखाना हुँदै जोर्ते होटलतर्फ जाने बाटोलाई व्यवस्थित बनाउन सकिन्छ । यस क्षेत्रमा सरसफाइ, उचित प्रकाश, बाटोको सुधार, दिशासूचक सूचना र ऐतिहासिक जानकारी समेटिएका संकेतपाटी राख्न सकिन्छ । गोलाखानाको इतिहासलाई संरक्षण गर्दै त्यहाँ रहेका तोपका गोला तथा अन्य ऐतिहासिक सामग्रीलाई सुरक्षित राख्ने व्यवस्था गर्नुपर्छ । सम्भाव्यता र ऐतिहासिक प्रमाणका आधारमा त्यहाँ सानो संग्रहालय वा इतिहास प्रदर्शन केन्द्र स्थापना गर्न सकिन्छ । त्यसैगरी, आले माइलादाइको घरअगाडिको सरकारी जमिनको कानुनी अवस्था र उपयोगसम्बन्धी सम्भाव्यता अध्ययन गरेर व्यवस्थित पार्किङको व्यवस्था गर्न सकिन्छ । आवश्यक पार्किङ क्षेत्र छुट्याएर बाँकी उपयुक्त ठाउँमा फूलबारी, हरियाली र विश्रामस्थल निर्माण गर्न सकियो भने यस क्षेत्रको स्वरूप नै परिवर्तन हुन सक्छ । विशाल बजारलाई पनि केवल किनमेल गर्ने ठाउँका रूपमा सीमित नराखी स्थानीय व्यापार, मौलिक उत्पादन र पर्यटनलाई जोडिएको जीवन्त बजारका रूपमा विकास गर्न सकिन्छ । स्थानीय उत्पादनको पहिचान, पसलहरूको व्यवस्थित स्वरूप, सरसफाइ र पर्यटकलाई आवश्यक जानकारी उपलब्ध गराउने व्यवस्था भए बजारले थप आर्थिक गतिविधि सिर्जना गर्न सक्छ ।

**बारुदखाना र सिलखानाको इतिहास खोजौँ**

गोलाखाना, बारुदखाना र सिलखाना केवल नाम मात्र होइनन् । यी स्थान तानसेन र पाल्पाको ऐतिहासिक विगतसँग जोडिएका सम्भावित महत्वपूर्ण सम्पदा हुन् । पाल्पाको सेनकालीन इतिहास, सैनिक व्यवस्थापन तथा तत्कालीन संरचनासँग सम्बन्धित पक्षको अध्ययन गर्नु हाम्रो दायित्व हो । तर इतिहासको सम्भावना बोकेका स्थानमा विकास निर्माण गर्दा हामीले एउटा महत्वपूर्ण प्रश्न सोध्न बिर्सनु हुँदैन–यहाँको माटोमुनि हाम्रो इतिहास त लुकेको छैन ? पुराना पर्खाल, ढुङ्गे संरचना, भण्डारण कक्ष, माटाका भाँडा, धातुका अवशेष, तोपका गोला वा अन्य पुरातात्विक प्रमाण भेटिन सक्ने क्षेत्रमा निर्माण कार्य अघि बढाउनुअघि आवश्यक वैज्ञानिक अध्ययन गरिनुपर्छ । यस्ता स्थानमा ऐतिहासिक प्रमाण भेटिएमा सम्बन्धित विज्ञ तथा निकायको सल्लाहअनुसार संरक्षणका उपाय अपनाउनुपर्छ । विकास रोक्नु हाम्रो उद्देश्य होइन । इतिहास बुझेर, प्रमाणको सम्मान गर्दै विकास गर्नु हाम्रो उद्देश्य हो । त्यसैले गोलाखाना, बारुदखाना र सिलखानाको व्यवस्थित अध्ययन गरौँ । पुराना अभिलेख खोजौँ । स्थानीय ज्येष्ठ नागरिक, इतिहासका जानकार र परम्परागत ज्ञान भएका व्यक्तिका अनुभव तथा भनाइ अभिलेख गरौँ । आवश्यकता अनुसार पुरातत्वविद्, इतिहासकार र सम्बन्धित निकायको सहयोग लिऔँ । ऐतिहासिक प्रमाण भेटिए त्यसको संरक्षण गरौँ । ती स्थानको वास्तविक इतिहास पहिचान गरेर जानकारीमूलक सामग्री तयार गरौँ । सम्भव भए संरक्षणमैत्री प्रदर्शनीस्थल वा व्याख्या केन्द्र स्थापना गरौँ । हाम्रो इतिहासलाई अनुमानका भरमा प्रस्तुत गर्नु हुँदैन । प्रमाणका आधारमा पहिचान गर्नुपर्छ र प्रमाणित इतिहासलाई भावी पुस्तासम्म पुऱ्याउनुपर्छ ।

**इतिहासलाई स्थानीय आम्दानीसँग जोडौँ**

अब एउटा दृश्य कल्पना गरौँ । एक जना पर्यटक तानसेन आउँछ । उसले दरबार हेर्छ, पुरानो बजार घुम्छ, गोलाखानाको इतिहास बुझ्छ, बारुदखाना र सिलखानासँग सम्बन्धित ऐतिहासिक जानकारी लिन्छ । ऊ मौलिक गल्लीमा हिँड्छ, पुराना घरहरूको वास्तुकला नियाल्छ, स्थानीय खाना खान्छ र स्थानीय उत्पादन किन्छ । तस्बिर खिच्छ, आफ्ना अनुभव सामाजिक सञ्जालमा साझा गर्छ र सम्भवतः एक रात थप बस्छ । त्यसपछि पर्यटन केवल पर्यटकको आवागमनमा सीमित रहँदैन । त्यो स्थानीयको आम्दानीसँग जोडिन्छ । स्थानीय होटल तथा भोजनालयमा ग्राहक बढ्न सक्छन् । पसलमा व्यापार बढ्न सक्छ । स्थानीय उत्पादनले बजार पाउन सक्छ । गाइड, हस्तकला व्यवसायी, साना उद्यमी र अन्य सेवा प्रदायकले अवसर पाउन सक्छन् । हामीले विकास गर्नुपर्ने सोच यही हो– इतिहासलाई संरक्षण गर्ने, संस्कृतिलाई चिनाउने र पर्यटनमार्फत स्थानीय अर्थतन्त्रलाई बलियो बनाउने । पर्यटक ल्याउने नाममा ठूला संरचना बनाउनु मात्रै पर्याप्त हुँदैन । पर्यटकले के हेर्ने, कहाँ घुम्ने, कहाँ विश्राम गर्ने, के खाने, के किन्ने र के सिक्ने भन्ने सम्पूर्ण अनुभवबारे सोच्नुपर्छ । तानसेन-४ का ऐतिहासिक स्थानलाई जोडेर पैदल भ्रमण मार्ग बनाउन सकिन्छ । बाटोमा इतिहास र सम्पदासम्बन्धी सूचना राख्न सकिन्छ । स्थानीय गाइडको व्यवस्था गर्न सकिन्छ । मौलिक खाना, स्थानीय उत्पादन र सांस्कृतिक पहिचानलाई पर्यटनसँग जोड्न सकिन्छ । यसरी विकास गरिएको पर्यटनले स्थानीय पहिचानलाई कमजोर होइन, अझ बलियो बनाउँछ । तानसेन-४ मा त्रिभुवन बहुमुखी क्याम्पस, जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय, जिल्ला अस्पताल, मालपोत, नापी, कर, घरेलु तथा अन्य महत्वपूर्ण सरकारी कार्यालयहरू छन् । जिल्लाका विभिन्न स्थानबाट दैनिक रूपमा धेरै मानिस आउने क्षेत्र भएकाले यस वडाको व्यवस्थित विकासको आवश्यकता अझ बढी छ । यस्तो वडाले पूर्वाधार, सरसफाइ, हरियाली, पार्किङ, सार्वजनिक सूचना प्रणाली, पैदलयात्रीको सहजता र सुरक्षित वातावरणका क्षेत्रमा उदाहरण प्रस्तुत गर्न सक्नुपर्छ । कार्यालयमा सेवा लिन आउने नागरिकले सहज बाटो पाऊन् । पैदल हिँड्ने व्यक्तिले सुरक्षित रूपमा आवतजावत गर्न सकून् । सवारीसाधन व्यवस्थित रूपमा पार्क गर्न सकियोस् । सार्वजनिक स्थान सफा र हरियालीयुक्त होऊन् । पर्यटकले ऐतिहासिक स्थलसम्म पुग्ने बाटो र आवश्यक जानकारी सजिलै पाऊन् । यी सबै काम एकैपटक गर्न नसकिए पनि प्राथमिकता निर्धारण गरेर चरणबद्ध रूपमा अघि बढाउन सकिन्छ । पहिलो चरणमा सरसफाइ, बाटोको अवस्था, बत्ती र सूचना संकेतको सुधार गर्न सकिन्छ । दोस्रो चरणमा ऐतिहासिक स्थलको अध्ययन, संरक्षण र सौन्दर्यीकरण अघि बढाउन सकिन्छ । त्यसपछि स्थानीय व्यवसाय, पैदल भ्रमण मार्ग र पर्यटकीय गतिविधिलाई व्यवस्थित रूपमा जोड्न सकिन्छ । यसका लागि वडा कार्यालय, स्थानीय समुदाय, व्यवसायी, शैक्षिक संस्था, सरकारी निकाय र सरोकारवालाबीच सहकार्य आवश्यक हुन्छ । विकासको कुनै पनि योजना स्थानीय नागरिकको जीवन सहज बनाउने उद्देश्यबाट निर्देशित हुनुपर्छ । पर्यटनका नाममा स्थानीयलाई विस्थापित गर्ने होइन, उनीहरूलाई नै पर्यटनको मालिक र लाभग्राही बनाउने हो । *-बाँकी तीन पेजमा...*

### महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल ११५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कार्यक्षेत्रमा राम्रो साथ पाइनेछ। सम्झौताका लागि दिन अनुकूल रहेको छ। | **तुला**: एकअर्काको समझदारी र मधुरता बढ्नेछ। लगानीको योजना बन्नेछ। |
| **वृष** : व्यापारमा सोचेभन्दा राम्रो बिक्री हुनेछ। पुराना साथीसँग भेटघाट हुनेछ। | **वृश्चिक** : काममा सफलता मिल्नेछ। शरीरको लागि पर्याप्त पानी पिउनुहोला। |
| **मिथुन** : आर्थिक कारोबारमा स्पष्टता राख्नुहोला। अनुसन्धानमा सफलता मिल्नेछ। | **धनु** : शारीरिक सक्रियतामा रुचि बढ्नेछ। आफन्तबाट विशेष सहयोग प्राप्त हुनेछ। |
| **कर्कट** : आत्मीय व्यक्तिबाट स्नेह प्राप्त हुनेछ। नयाँ जिम्मेवारी सम्हाल्नुपर्ने छ। | **मकर** : धन फिर्ता आउने शुभ संकेत छ। सम्झौताका लागि दिन अनुकूल छ। |
| **सिंह** : परोपकारी काममा मन जानेछ। बिहानको व्यायामले शरीर स्वस्थ राख्नेछ। | **कुम्भ**: कामबाट शुभ समाचार सुन्न पाइनेछ। घरको सरसफाइमा समय बित्नेछ। |
| **कन्या** : कठिन कामहरू पनि सहज बन्नेछन्। शत्रुहरू परास्त भएर जानेछन्। | **मीन** : मनमा अद्भूत शान्ति प्राप्त हुनेछ। कसैबाट सोचेभन्दा राम्रो उपहार पाइनेछ। |

## विज्ञान/सूचना प्रविधि

# विश्व राजनीति र सैन्य रणनीतिको महत्वपूर्ण हिस्सा कसरी बन्दै छ स्टारलिंक ?




एलन मस्कको स्याटेलाइट इन्टरनेट सेवा 'स्टारलिंक' विश्वराजनीति र सैन्य रणनीतिको महत्वपूर्ण हिस्सा बन्दै गएको छ । अमेरिकी प्रशासनले इरानदेखि युक्रेनसम्म यसको सेवा उपलब्ध गराउन वा पहुँच नियन्त्रण गर्न स्पेसएक्ससँग पटकपटक समन्वय गरेको रोयटर्सको एक रिपोर्टले जनाएको छ । यसले निजी प्रविधि कम्पनीले अमेरिकी राष्ट्रिय सुरक्षा र विदेश नीतिमा पार्न सक्ने प्रभावबारे प्रश्न उठाएको छ । स्पेसएक्सले सञ्चालन गर्ने स्टारलिंकले पृथ्वीको तल्लो कक्षमा रहेका स्याटेलाइटको सञ्जालमार्फत इन्टरनेट उपलब्ध गराउँछ । यसका लागि 'स्टारलिंक टर्मिनल' नामक विशेष उपकरण आवश्यक पर्छ, जसले स्याटेलाइटबाट संकेत प्राप्त गरी इन्टरनेट जडान उपलब्ध गराउँछ । सामान्य इन्टरनेट सेवा नपुगेका दुर्गम क्षेत्र र युद्धका कारण सञ्चार संरचना ध्वस्त भएका स्थानमा समेत स्टारलिंक उपयोगी हुन्छ । घर, जहाज र विमानमा प्रयोग हुने यो सेवा सैन्य सञ्चार, सैन्य इकाइबीच सम्पर्क कायम राख्न र ड्रोन सञ्चालनमा समेत प्रयोग गरिन्छ । स्टारलिंकको आधिकारिक वेबसाइटमा उपलब्ध नक्साबाट विभिन्न देशमा यसको सेवा अवस्था हेर्न सकिन्छ । युरोप, अमेरिका, एसिया, अफ्रिका र ओसिनियाका धेरै देशमा यो सेवा सञ्चालनमा छ । तर, कतिपय देशमा नियामकीय स्वीकृति आवश्यक छ भने चीन, रुस, इरान र अफगानिस्तानजस्ता देशमा यसको सेवा प्रतिबन्धित रहेको बताइएको छ । रोयटर्सले ६ जना पूर्ववरिष्ठ अमेरिकी अधिकारीलाई उद्धृत गर्दै जो बाइडेन र डोनाल्ड ट्रम्प दुवै प्रशासनले विभिन्न समयमा स्टारलिंकको सेवा उपलब्ध गराउन वा पहुँच नियन्त्रण गर्न स्पेसएक्ससँग आग्रह गरेको जनाएको छ । केही अवस्थामा सर्वसाधारणलाई इन्टरनेट उपलब्ध गराउनु उद्देश्य थियो भने अन्य अवस्थामा सशस्त्र समूहको पहुँच रोक्न खोजिएको थियो ।

**यमन र लेबनानमा सशस्त्र समूहको पहुँच रोक्ने प्रयास**

रोयटर्सका अनुसार, बाइडेन प्रशासनले यमनका हुथी विद्रोही र लेबनानको हिजबुल्लाहसँग आबद्ध व्यक्तिहरूले बिचौलियामार्फत स्टारलिंकका उपकरण प्राप्त गर्न सक्ने सूचना पाएको थियो । त्यसपछि अमेरिकी अधिकारीहरूले स्पेसएक्सलाई त्यस्ता उपकरण पहिचान गरी सेवा बन्द गर्न अनुरोध गरेका थिए । अक्टोबर २०२३ मा दक्षिण लेबनानमा इजरायल र हिजबुल्लाहबीच द्वन्द्व चर्किएका बेला अमेरिकी गुप्तचर अधिकारीहरूले हिजबुल्लाहसँग सम्बन्धित व्यक्तिहरूसम्म स्टारलिंकका उपकरण पुग्न सक्ने जानकारी ह्वाइट हाउसलाई दिएका थिए । सन् २०२४ मा हुथीविरुद्ध अमेरिकी हवाई अभियान चलिरहेका बेला पनि यस्तै आशंका व्यक्त गरिएको थियो । अधिकारीहरूका अनुसार, केही टर्मिनल निष्क्रिय पारिएका थिए ।

**इरानमा सरकार विरोधी प्रदर्शनकारीलाई इन्टरनेट उपलब्ध गराउने प्रयास**

इरानमा सेप्टेम्बर २०२२ मा महसा अमिनीको हिरासतमा मृत्युपछि देशव्यापी विरोध प्रदर्शन सुरु भएको थियो । हिजाबसम्बन्धी नियम उल्लंघन गरेको आरोपमा पक्राउ परेकी अमिनीको मृत्युपछि भएका प्रदर्शनका क्रममा सञ्चारमा अवरोध सिर्जना गरिएको थियो । त्यस बेला बाइडेन प्रशासनले इरानी नागरिकलाई इन्टरनेट पहुँच उपलब्ध गराउन स्पेसएक्ससँग स्टारलिंक सेवा सञ्चालन गर्ने विषयमा छलफल गरेको थियो । एक पूर्ववरिष्ठ अमेरिकी अधिकारीका अनुसार, अमेरिकी प्रशासनको सहयोगमा स्टारलिंकका उपकरण इरान पुऱ्याइएका थिए । तर, कति उपकरण पठाइए भन्ने खुलाइएको थिएन । रोयटर्सका अनुसार, सन् २०२५ जुन र सन् २०२६ फेब्रुअरीमा अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि ट्रम्प प्रशासनले त्यहाँ स्टारलिंकका उपकरण पुऱ्याउने र सक्रिय गर्ने विषयमा स्पेसएक्ससँग छलफल गरेको थियो । एक पूर्ववरिष्ठ अमेरिकी अधिकारी र घटनाबारे जानकार अर्का व्यक्तिका अनुसार, यसको उद्देश्य सरकारविरोधी प्रदर्शनकारीलाई इन्टरनेट र सञ्चार सुविधा उपलब्ध गराउनु थियो । यद्यपि, इरानमा ती उपकरण सक्रिय गरिएको विषयमा ट्रम्प प्रशासन र स्पेसएक्सले सार्वजनिक रूपमा पुष्टि गरेका थिएनन् । 'वाल स्ट्रिट जर्नल'ले सन् २०२६ फेब्रुअरीमा अमेरिकी सरकारले इरानमा हजारौं स्टारलिंक टर्मिनल पठाएको समाचार प्रकाशित गरेको थियो ।

**युक्रेनमा सैन्य सञ्चारको आधार र पहुँचसम्बन्धी विवाद**

रुसले सन् २०२२ मा युक्रेनमाथि पूर्णस्तरको आक्रमण सुरु गरेपछि स्टारलिंक युक्रेनी सेनाका लागि सञ्चारको प्रमुख माध्यम बन्यो । बाइडेन प्रशासनले युक्रेनी सेनाका लागि यसको सेवा विस्तार गर्न स्पेसएक्ससँग आग्रह गरेको थियो । युक्रेनी सेनाले सैन्य इकाइबीच सम्पर्क कायम राख्न स्टारलिंक प्रयोग गर्दै आएको छ । स्पेसएक्सको सैन्य प्रयोजनका लागि विकसित 'स्टारसिल्ड' प्रणाली पनि सुरक्षित सञ्चारलगायत सैन्य प्रयोजनमा प्रयोग हुन्छ । स्याटेलाइटमा आधारित सञ्चारले ड्रोन सञ्चालक र ड्रोनबीच सम्पर्क कायम राख्न तथा रेडियो संकेत अवरुद्ध गर्ने प्रयासका बाबजुद सञ्चार जारी राख्न मद्दत गर्न सक्छ । युक्रेनको स्टारलिंकमाथिको निर्भरता बढ्दै जाँदा सेवाको पहुँच र गतिलाई लिएर विवाद उत्पन्न भयो । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले स्टारसिल्डमाथिको युक्रेनको पहुँच जानाजानी सीमित पारिएको र त्यसले सैन्य ड्रोनको कार्यसम्पादनमा असर पारेको बताएका थिए । रोयटर्सका अनुसार, स्टारसिल्डको सेवा सीमित गर्ने आदेश ह्वाइट हाउसबाट आएको थियो । ट्रम्प प्रशासनले सेवाको गति सीमित भएको स्वीकार गरे पनि त्यसको आदेश आफूहरूले दिएको हो वा होइन भन्ने स्पष्ट पारेन ।

**मस्कको भूमिकामाथि किन उठे प्रश्न ?**

स्टारलिंकको उपलब्धतासम्बन्धी निर्णयले निजी कम्पनीले सैन्य अभियान र विदेश नीतिमा कति प्रभाव पार्न पाउनुपर्छ भन्ने बहस चर्काएको छ । अमेरिकी डेमोक्रेटिक सांसद जेसन क्रोले निर्वाचित नभएका अर्बपतिहरू र निजी कम्पनीले अमेरिकाको राष्ट्रिय सुरक्षाका लागि के उचित हुन्छ भन्ने निर्णय गर्न नहुने बताएका छन् । सन् २०२२ मा युक्रेनी सेनाले रुसी नियन्त्रणमा रहेका क्षेत्र फिर्ता लिन खोजिरहेका बेला मस्कले ती क्षेत्रमा स्टारलिंकको पहुँच सीमित गरेका थिए । यसले ह्वाइट हाउसका अधिकारीहरूलाई समेत आश्चर्यमा पारेको थियो । मस्कले युक्रेनको क्रिमियास्थित सेवास्तोपोल बन्दरगाह क्षेत्रमा स्टारलिंक सेवा सक्रिय गरिदिन गरिएको अनुरोध अस्वीकार गरेको बताएका थिए । युक्रेनले त्यहाँ रुसी नौसेनाका जहाजमाथि आक्रमण गर्ने योजना बनाएको थियो । मस्कका अनुसार, उक्त अनुरोध स्वीकार गर्दा उनी ठूलो सैन्य द्वन्द्वमा प्रत्यक्ष रूपमा संलग्न हुने जोखिम थियो ।

**अमेरिकी सरकार र स्पेसएक्सबीच कस्तो समन्वय ?**

मस्कले सामाजिक सञ्जालमा स्टारलिंक प्रणाली अमेरिकी सरकारको स्वामित्व र नियन्त्रणमा रहेको बताएका थिए । उनका अनुसार, यसको उपलब्धतामा सीमा लगाउने निर्णय अमेरिकी सेना र अन्तत: राष्ट्रपतिले गर्छन् । रोयटर्सका अनुसार, बाइडेन प्रशासनका अधिकारीहरूले स्टारलिंकको उपलब्धतासम्बन्धी विषयमा स्पेसएक्ससँग समन्वय गर्दै आएका थिए । यस्ता छलफलमा पेन्टागन र ह्वाइट हाउसका अधिकारीसमेत सहभागी हुन्थे । सन् २०२४ मा अमेरिकी वाणिज्य विभागको उद्योग तथा सुरक्षा ब्युरोलाई दिएको जवाफमा स्पेसएक्सले निर्यात अनुमति प्राप्त गर्न र प्रविधिको सुरक्षा सुनिश्चित गर्न सरकारी निकायसँग सहकार्य गर्ने जनाएको थियो । कम्पनीले यस्तो सहकार्यलाई अमेरिकी राष्ट्रिय सुरक्षा र विदेश नीतिका उद्देश्यसँग जोडेको थियो । स्टारलिंकका यी घटनाले निजी प्रविधि कम्पनीको निर्णयले सर्वसाधारणको सञ्चार पहुँचदेखि सैन्य अभियानसम्म प्रभाव पार्न सक्ने देखाएका छन् । त्यसैले यसको नियन्त्रण, जवाफदेहिता र सरकारी निगरानीबारे बहस थप महत्त्वपूर्ण बनेको छ ।

*-बाह्रखरी डटकम*

# एआईले खोल्दैछ इतिहासका पुराना रहस्य



दुई सय वर्षभन्दा बढी समयदेखि रहस्य बनेको नेपोलियन बोनापार्टको युद्धकालीन गोप्य सन्देश कृत्रिम बौद्धिकता (एआई) को सहायताले केही घण्टामै पढ्न सकिएको छ । यसले ऐतिहासिक अभिलेखमा लुकेका रहस्य पत्ता लगाउने काम अब विद्वान् र अनुभवी सङ्केतविज्ञ मात्र सीमित नरहेको देखाएको छ । सन् १८०९ मा फ्रान्सेली सेनाका एक जनरललाई पठाइएको उक्त सन्देशमा प्रतीक, सङ्ख्या र अक्षर प्रयोग गरिएका दुई दर्जन पङ्क्ति थिए । अनलाइन शैक्षिक अभिलेखमा लामो समयदेखि बेवास्तामा परेको यो सन्देश अमेरिकी एआई इन्जिनियर कार्टर चर्चले समाधान गरेका हुन् । २७ वर्षीय चर्चले च्याटजीपीटी निर्माता ओपनएआईको पछिल्लो मोडेल प्रयोग गरेर छ घण्टामै उक्त सङ्केत खुलाएका थिए । परम्परागत विधिबाट यस्तो काम गर्न हप्तौं लाग्न सक्ने उनको भनाइ छ । अमेरिकी साइबर सुरक्षा कम्पनी सेन्टिनेलवनमा कार्यरत चर्चले सङ्केत खोल्ने प्रविधि वा त्यस समयको इतिहासबारे आफूलाई धेरै जानकारी आवश्यक नपरेको बताए । केही साँझको प्रयासपछि उनले जापानी पेटेन्ट इन्जिनियर सातोसी टोमोकियोसँग परामर्श गरेका थिए । टोमोकियोले समाधान नभएका पुराना सङ्केतहरूको अनलाइन सूची राख्दै आएका छन् । चर्चका अनुसार एआईको प्रमुख विशेषता निरन्तर प्रयास गर्ने क्षमता हो । सन्देशको रहस्य खुलेपछि आफूले ठूलो सन्तुष्टि र उत्साह अनुभव गरेको उनले बताए । टोमोकियोले आफ्नो वेबसाइट 'क्रिप्टियाना' मा सन् २०२६ लाई ऐतिहासिक सङ्केतहरूको रहस्य खोल्ने काममा निर्णायक वर्षका रूपमा सम्झिइने उल्लेख गरेका छन् । उनका अनुसार सेप्टेम्बरको मध्यदेखि आफ्नो सूचीमा रहेका अधिकांश सङ्केत एआईको सहायताले समाधान भइसकेका छन् । अनुसन्धानकर्ताहरूले यसअघि नै पुराना सङ्केत खोल्न एआई मोडेल विकास गरिरहेका थिए । तर, शक्तिशाली सामान्य प्रयोजनका एआई उपकरण सार्वजनिक भएपछि समाधान भएका सङ्केतको सङ्ख्या उल्लेख्य रूपमा बढेको छ । चर्चले ओपनएआईको जीपीटी-६ एस्ट्रा प्रयोग गर्नुभएको थियो भने अन्य अनुसन्धानकर्ताले अमेरिकी कम्पनी एन्थ्रोपिकका एआई उपकरण प्रयोग गरेका छन् । टोमोकियोले कठिन सङ्केतहरूमध्ये केही अझै रहस्यकै रूपमा रहने बताएका छन् । समाधानका लागि उपयोगी तथ्याङ्क कम भएका कारण ती सङ्केत खोल्न आगामी वर्षहरूमा पनि चुनौती हुन सक्ने उनको भनाइ छ । लामो समयदेखि अड्किएका समस्या समाधान भएकोमा आफू उत्साहित भए पनि एआईले ती समस्या सजिलै समाधान गरेको देख्दा मिश्रित भावना उत्पन्न भएको उनले बताए । एक सहकर्मी सङ्केतविद्ले त एआईका कारण आफूलाई बेकार महसुस भएको प्रतिक्रिया दिएको उनले सुनाए । गणितदेखि कम्प्युटर प्रोग्रामिङसम्म एआईले मानिसको क्षमता उछिनिरहेको अवस्थामा यसले रोजगारीको स्वरूप बदल्ने वा केही काम विस्थापित गर्ने चिन्ता पनि बढेको छ । इटालीमा अनुसन्धानकर्ताहरूले सन् ७९ मा भिसुभियस ज्वालामुखी विस्फोट हुँदा जलेर कार्बनमा परिणत भएका हर्कुलानियमका पपाइरस ग्रन्थ अध्ययन गर्न एक्स-रे र एआई प्रयोग गरिरहेका छन् । क्षति हुने जोखिमका कारण हातले खोल्न नसकिने सयौं ग्रन्थमध्ये एउटा ग्रन्थलाई पूर्ण रूपमा भर्चुअल विधिबाट खोलेको घोषणा अनुसन्धानकर्ताहरूले जुनमा गरेका थिए । त्यसमा नैतिकतासम्बन्धी ग्रन्थ रहेको पुष्टि भएको थियो । त्यसैगरी, हिब्रू पाण्डुलिपिका एक करोड पृष्ठ प्रतिलिपि गरी यहुदी इतिहास र संस्कृतिका दुर्लभ स्रोत समेटिएको खोज्न मिल्ने विशाल अभिलेख तयार गर्न एआई प्रयोग भइरहेको छ । पेरिसस्थित इकोल प्राटिक दे ओत एतुदका परियोजना प्रमुख डेनियल स्टोक्ल बेन एज्राका अनुसार यति ठूलो परिमाणको तथ्याङ्क मानिसले एक्लै प्रशोधन गर्न सक्दैन । डिजिटल अभिलेखबाट तयार हुने तथ्याङ्कको भण्डारलाई उनले 'विगतको विशाल फेसबुक'सँग तुलना गरेका छन् । यसबाट इतिहासमा मानिस, स्थान र विचारबिच रहेका सम्बन्ध पत्ता लगाउन सकिने अनुसन्धानकर्ताहरूको अपेक्षा छ । फ्रान्सको राजधानी पेरिसस्थित नोट्रडाम गिर्जाघरमा पनि एआई प्रणालीलाई मध्ययुगीन अभिलेखका १४ हजार ६०० ल्याटिन पृष्ठ प्रतिलिपि गर्न प्रशिक्षित गरिएको छ । यस परियोजनाले पुराना सङ्केत खोल्ने कामजस्तै जटिल ऐतिहासिक अभिलेख अध्ययन गर्न सघाएको छ । परियोजनाको नेतृत्व गरिरहनुभएकी इतिहासकार जुली क्लाउस्ट्रेका अनुसार ती अभिलेख मध्ययुगीन नोटरीहरूले निर्णयलाई छोटकरीमा लेखेका प्रशासनिक दस्तावेज हुन् । एआई प्रणालीले अक्षर पहिचानमा ८८ देखि ९४ प्रतिशतसम्म सफलता हासिल गरेको छ । यसबाट गिर्जाघरको दैनिक जीवन, निर्माण कार्य, कर्मचारी र परित्यक्त बालबालिकाको हेरचाहसम्बन्धी जानकारी फेला परेको छ । यस्ता अभिलेख हातैले प्रतिलिपि गर्न धेरै दशक लाग्ने क्लाउस्ट्रेले बताए । उनका अनुसार एआईको महत्त्व समय बचतमा मात्र सीमित छैन । यसले पहिले सम्भव नभएका प्रश्नमा अनुसन्धान गर्न सहयोग पुऱ्याउँदै इतिहास अध्ययन गर्ने तरिकामै परिवर्तन ल्याइरहेको छ ।*-रासस*

# तानसेन-४ : इतिहास, पहिचान...

...व्यवसायीलाई असर पर्ने योजना बनाउनुको सट्टा उनीहरूलाई योजनाको साझेदार बनाउनुपर्छ। घरधनीलाई समस्या पर्ने काम जबर्जस्ती गर्नुको सट्टा उनीहरूको सुझाव सुन्नुपर्छ । निजी सम्पत्तिमा पर्ने प्रभावलाई गम्भीरतापूर्वक लिनुपर्छ । सार्वजनिक हित र व्यक्तिगत अधिकारबीच सन्तुलन खोज्नुपर्छ । वडाको विकास स्थानीयको सल्लाहबाट हुनुपर्छ । नागरिकको सहभागिताले योजनालाई व्यवहारिक बनाउँछ, विवाद कम गर्न मद्दत गर्छ र निर्माण भएका संरचनाप्रति अपनत्व बढाउँछ । त्यसैले हरेक महत्वपूर्ण योजनाअघि स्थानीयसँग छलफल गरौं । आवश्यकताअनुसार सार्वजनिक सुनुवाइ गरौं । प्राथमिकता निर्धारण गर्दा स्थानीयको आवाज समेटौं। योजनाको खर्च, प्रगति र उपलब्धिबारे पारदर्शिता कायम गरौं । विकास भनेको भौतिक संरचना निर्माण गर्नु मात्रै होइन । विश्वास निर्माण गर्नु, सहकार्यको संस्कार विकास गर्नु र सबैलाई आफ्नो वडाप्रति गर्व गर्ने वातावरण बनाउनु पनि विकासकै महत्वपूर्ण पक्ष हो । तानसेन-४ को विकास कुनै एक व्यक्ति, समूह वा राजनीतिक दलको मात्रै सपना हुनु हुँदैन । यो सम्पूर्ण वडावासीको साझा सपना बन्नुपर्छ । राजनीतिक दलका झण्डा फरक हुन सक्छन् । विचार र प्राथमिकतामा भिन्नता हुन सक्छ । तर वडाको इतिहास संरक्षण गर्ने, स्थानीयको जीवन सहज बनाउने, व्यापार प्रवर्द्धन गर्ने र भावी पुस्ताका लागि राम्रो वातावरण निर्माण गर्ने विषयमा साझा सहमति बनाउन सकिन्छ । वडाको विकासका लागि दीर्घकालीन योजना तयार गरौं । कुन सम्पदा संरक्षण गर्ने, कुन बाटो सुधार गर्ने, कहाँ हरियाली बढाउने, कहाँ पार्किङ आवश्यक छ र कुन स्थानलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिन्छ भन्ने विषयमा स्पष्ट प्राथमिकता निर्धारण गरौं । सम्भव भएसम्म हरेक योजनालाई निश्चित समयसीमा, अनुमानित लागत, जिम्मेवार निकाय र अपेक्षित उपलब्धिसँग जोडौं। कामको नियमित समीक्षा गरौं । उपलब्ध स्रोतको सदुपयोग गरौं र परिणाम देखिने गरी अघि बढौं । राजनीतिक नेतृत्व परिवर्तन भए पनि वडाको दीर्घकालीन विकासको सोच परिवर्तन भइरहनु हुँदैन । साझा योजना, पारदर्शिता र निरन्तर प्रयासले मात्रै दिगो उपलब्धि हासिल गर्न सकिन्छ । हामीले भावी पुस्तालाई केवल नयाँ भवन र पिच सडक मात्र छाड्नु हुँदैन । उनीहरूलाई यस्तो तानसेन-४ हस्तान्तरण गर्नुपर्छ, जहाँ हिँड्दा इतिहास भेटियोस्, हेर्दा संस्कृति झल्कियोस्, बस्दा शान्ति अनुभव होस्, व्यापार गर्दा अवसर मिलोस् र पर्यटक आउँदा स्थानीयको घरआँगनसम्म आम्दानी पुग्ने वातावरण बनोस् । तानसेन-४ लाई सुन्दर बनाऔं । सफा बनाऔं । शान्त र सुरक्षित बनाऔं । व्यवस्थित तथा पर्यटनमैत्री बनाऔं । इतिहास र मौलिकताको सम्मान गर्ने वडा बनाऔं । हामीसँग इतिहास छ । सम्भावना छ । जनशक्ति छ । मौलिकता छ । अब आवश्यक छ– दूरदृष्टि, इमानदार प्रयास, जनसहभागिता र काम गर्ने इच्छाशक्ति । इतिहास भएको ठाउँ धेरै छन्, तर इतिहासलाई भविष्यसँग जोड्न सक्ने ठाउँले मात्रै आफ्नो विशिष्ट पहिचान निर्माण गर्न सक्छ । त्यसैले अब प्रश्न यो होइन कि तानसेन-४ मा सम्भावना छ कि छैन । प्रश्न हो– हामीले ती सम्भावनालाई कति चिनेका छौं र तिनको सदुपयोग गर्न कति तयार छौं ? आउनुहोस्, हाम्रो इतिहास खोजौं, सम्पदा जोगाऔं, मौलिकता बचाऔं, पर्यटन बढाऔं र स्थानीयलाई विकासको केन्द्रमा राखौं। तानसेन-४ लाई केवल सरकारी कार्यालय भएको वडा होइन, इतिहास, संस्कृति, पर्यटन, व्यापार र मौलिकताको नमुना वडाका रूपमा चिनाउने साझा अभियानमा जुटौं । किनकि तानसेन-४ को भविष्य निर्माण गर्ने जिम्मेवारी पनि हाम्रै हो, र यसको सम्भावनालाई वास्तविकतामा बदल्ने शक्ति पनि हामीमै छ ।

# पाल्पामा बसको ठक्करबाट स्कुटरमा सवार महिलाको मृत्यु



**पाल्पा,** कात्तिक ९/ पाल्पाको तिनाउ गाउँपालिका-३, माथिल्लो सिद्धबाबास्थित सिद्धार्थ राजमार्गमा बसको ठक्करबाट स्कुटरमा सवार एक महिलाको मृत्यु भएको छ भने स्कुटर चालक घाइते भएकी छन् ।

प्रहरीका अनुसार सोमबार साँझ गुल्मीदेखि पाल्पा हुँदै बुटवलतर्फ जाँदै गरेको लु ९० प ४२७४ नम्बरको स्कुटरलाई सोही दिशाबाट आउँदै गरेको लु १ ख ९२७६ नम्बरको बसले ठक्कर दिएको थियो । दुर्घटनामा स्कुटरको पछाडी सवार गुल्मीको धुर्कोट गाउँपालिका-४, जैसीथोक निवासी ३७ वर्षीया माया कुँवर र स्कुटर चालक गुल्मीको इस्मा गाउँपालिका-४ निवासी ३६ वर्षीया केशरी कुँवर घाइते भएका थिए । दुर्घटनाको जानकारी प्राप्त हुनासाथ प्रहरी चौकी दोभानबाट खटिएको प्रहरी टोलीले घाइते दुवै जनालाई उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल पठाएको थियो । उपचारका क्रममा माया कुँवरको मृत्यु भएको प्रहरीले जनाएको छ । स्कुटर चालक केशरी कुँवरको अवस्था सामान्य रहेको छ । दुर्घटनामा संलग्न बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# पाल्पाका विभिन्न देवी मन्दिरमा सराए नाँच



**कृष्ण पोखरेल**

**पाल्पा,** कार्तिक ९ / बडादशैको अन्तिम दिन सोमबार कोजाग्ररत पूर्णिमाको दिन पाल्पाका कोतघर र देवी मन्दिरहरुमा वाख्यै हो भन्दै तरवार नचाउँदै सराय नाँच निकालिएको छ ।

यस बर्षको विजया दशमीको पूर्णिमा तिथी दुई दिन परेकोले सोमबार अन्तिम दिन सबै देवीका मन्दिरहरुमा पुजाआजा गरी सराय निकाली यस बर्षको दशैलाई विदा गरिएको छ । देवी भगवती दुर्गाले राक्षस, असुरहरुलाई तरवारको प्रयोग गरी बध गरी विजय प्राप्त गरेको सम्झना स्वरुप पाल्पाका गाउँ गाउँमा वाख्यै हो भन्दै तरवार नाँच देखाइएको हो । बडा दशैको अवसरमा देवी भगवती मन्दिरहरुमा खेलिने तरवार नाँच निकै प्रचलित हुँदै आए पनि नयाँ पुस्तमा हस्तान्तरण नहुँदा लोप हुने अवस्थामा पुगेको छ । पाल्पाका प्रत्येक देवी, भगवती मन्दिरहरुमा निकालिने वाख्यै सराय नाँच तानसेनको लिपिन्देवी मन्दिर, बौघागुम्वा, छहराको कटौजेपानी, लगायतका मन्दिरमा प्रदर्शन गरिएको छ । विगतका समयमा मनोरञ्जनका साधन नभएकाले यस्ता नाँचहरु मनोरञ्जनमा मानिसको ध्यान केन्द्रित भएपनि आजकल सामाजिक सञ्जालको कारण संस्कृति लोप हुने अवस्थामा पुगेको बुढापाका बताउछन् । यसैगरी लिपन्देवीमा पाका, युवा तथा महिलाहरुले सामुहिक, र एकल रुपमा तरवार नचाएका थिए ।

निकै जोखिम, खतरापुर्ण खेलको रुपमा तरवार नाँचलाई लिने गरिन्छ । होसियारी नअपनाएमा तरवार नचाउने देखि दर्शकहरुको ज्यान समेत जान सक्ने भएकोले निकै लामो अभ्यास पछि मात्र तरवार नचाउने मन्दिरका पुजारीहरुले बताउने गरेका छन् ।

## धान दाइँमा आधुनिक थ्रेसरको...

...जिल्लामा थ्रेसर मेसिनको माग बढ्दै गएको उनको भनाइ छ ।आधुनिक प्रविधिको प्रयोगले कृषि कार्य सहज भए पनि परम्परागत दाइँ संस्कृतिको संरक्षणमा पनि ध्यान दिनुपर्ने कृषक श्यामलाल धोबीले बताए । कृषि ज्ञान केन्द्र कपिलवस्तुका प्रमुख घनश्याम चौधरीका अनुसार जिल्लामा ८४ हजार ५९१ हेक्टर खेती गरिँदै आएको छ । त्यसमध्ये यस वर्ष ६३ हजार ६४८ हेक्टरमा धान खेती गरिएको चौधरीले बताए । गत वर्ष जिल्लामा ६६ हजार २६५ हेक्टर क्षेत्रफलमा धान खेती गरिएको उनले बताए । जिल्लाका १० वटै स्थानीय तहका किसानले धान र पराल छुट्याउन थ्रेसर मेसिनको प्रयोग गर्दै आएका छन् ।

*- रासस*

## खेलकुद समाचार

### नेपालमै पहिलोपटक डीआरएस प्रणालीको प्रयोग




**काठमाडौं,** कार्तिक ९/कीर्तिपुरको त्रिवि क्रिकेट रंगशालामा सोमबारदेखि शुरु भएको क्रिकेट महाउत्सव एनपीएल तेस्रो संस्करण विशेष भएको । एनपीएललाई आईसीसीको आधिकारिक मान्यता, त्यसकै कारण विदेशी ठूला क्रिकेट स्टारहरूको उल्लेख्य सहभागिता, दर्शकका लागि रंगशालामा थपिएका सुविधा र संरचनासँगै अम्पायरको निर्णयमाथि रिभ्यु अर्थात समीक्षा गर्न पाइने डीआरएस प्रविधिको कारणले यो संस्करण विशेष हुन लागेको हो । नेपालमै पहिलोपटक निर्णय समीक्षा प्रणाली अर्थात डिसिजन रिभ्यु सिस्टम (डीआरएस) प्रविधिसहित खेल हुँदैछ । अब अम्पायरको निर्णयमाथि खेलाडीले 'रिभ्यु' माग गर्न पाउनेछन् । डीआरएस प्रणालीमा एलबीडब्लूको निर्णय जाँच्न थ्रीडी बल ट्र्याकिङ प्रविधि प्रयोग हुनेछ । जसले बलको बाउन्स, स्विङ र स्टम्पमा लाग्ने सम्भावनाको 'लाइन' स्क्रिनमा देखाइदिनेछ । यदि बलरले फ्याँकेको बलले ब्याटरको ब्याट वा ब्याट समातेको हातमा नलागी सिधै उसको शरीर वा प्याड (खुट्टा) मा लाग्छ र यदि त्यो खुट्टा त्यहाँ नभएको भए बल सिधै गएर विकेट (स्टम्प) मा लाग्ने थियो भन्ने अम्पायरलाई लाग्छ भने, त्यस्तो अवस्थामा ब्याटरलाई एलबीडब्लू आउट दिइन्छ । डीआरएस प्रणालीमा ब्याट र बलको सम्पर्क पत्ता लगाउन एज डिटेक्सन र साउन्ड वेभ टेक्नोलोजी पनि प्रणालीमा हुनेछ । साथै रनआउट, स्टम्पिङ, फ्रन्ट फुट नोबल, वाइडको उचाइ र छक्काको दूरी पनि भिडियो रिभ्युमा देख्न पाइनेछ । डीआरएस प्रविधिले एनपीएललाई थप विश्वसनीय बनाउने क्यानका सचिव पारस खड्काले बताएका छन् ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# शेयर बजार घट्यो



**पाल्पा,** कार्तिक ९/दसैंको बिदापछि खुलेको सेयर बजारमा सामान्य अंकको गिरावट आएको छ ।

सोमबार नेप्से परिसूचक ४ दशमलव ३४ अंकले घटेर २६२९ दशमलव ८२ विन्दुमा अडिएको छ । यसदिन ३४१ वटा स्क्रिप्सको १ करोड ३ लाख ४३ हजार ७०९ कित्ता सेयर ४ अर्ब २४ लाख १ हजार १६८ रुपैयाँमा खरिदबिक्री भए । सोमबार एउटा मात्रै कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । बेनी हाइड्रोपावर प्रोजेक्टको सेयर १४ दशमलव ९९ प्रतिशतले बढ्यो । माथिल्लो मैलुन खोला जलविद्युतको सेयर ५ दशमलव ८१ प्रतिशतले बढ्दा सोनापुर मिनरल्स एण्ड ओइलको ५ दशमलव शून्य ७, सगरमाथा जलविद्युत कम्पनीकोको ४ दशमलव ७२ र घोराही सिमेन्ट इन्डस्ट्रिजको सेयर ४ दशमलव ४७ प्रतिशतले बढ्यो । यसदिन चिरख्वा हाइड्रोपावरको सेयर सर्वाधिक ७ दशमलव ९२ प्रतिशतले घट्यो । कारोबार रकमका आधारमा घलेम्दी हाइड्रोपावर शीर्ष स्थानमा रह्यो । सो हाइड्रोले २३ करोड मूल्य बराबरको सेयर कारोबार गर्यो। शिवम् सिमेन्टले २० करोडको कारोबार गर्दा माउन्टेन इनर्जी नेपालले १७ करोड, ग्रीन भेन्चर्स लिमिटेडर र हिमालयन डिस्टिलरीले १५/ १५ करोडको सेयर कारोबार गरे ।

## सडक दुर्घटनाबाट बचौ र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मत सम्भार गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं ।

ट्राफिक नियम पालना गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्राई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्राई